बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८० साल असोज महिनाको ११ गते बिहिवारका दिन यस बेसीशहर नगरपालिका नगरकार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसीशहर नगरपालिकाको विभिन्न विषयमा छलफल गर्नका लागी नगर कार्यपालिकाको "छाबिसौं" बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

१, नगर प्रमुख :- श्री गुमान सिंह अर्याल
२, उप - प्रमुख :- श्री पद्मा गुरुङ
३, नि. प्र. प्र. अधिकृत :- श्री किसानराज चिलुवाल
४, वडा अध्यक्ष (१) श्री दुर्गा बहादुर बुढाथोकी
५, —"— (२) श्री मदन बहादुर राना
अनुपस्थित ६, —"— (३) श्री चित्र बहादुर दनाई
७, —"— (४) श्री राम बहादुर गुरुङ
८, —"— (५) श्री इन्द्र बहादुर गुरुङ
९, —"— (६) श्री प्रकाश थापा
अनुपस्थित १०, —"— (७) श्री ऋषिराम बस्नेत
११, —"— (८) श्री पवित्रा थापा राना
१२, —"— (९) श्री खुशी जङ गुरुङ
१३, —"— (१०) श्री गंगा बहादुर थापा
१४, —"— (११) श्री शिव प्रसाद जोशी
१५, कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्मा
१६, —"— श्री श्रीनाथ दुलाल
१७, —"— श्री कल्पना थापा बोहरा
१८, —"— श्री विमला न्यौपाने अधिकारी
१९, —"— श्री सुकमाया गुरुङ
२०, —"— श्री सुकमाया घर्ती
२१, —"— श्री मनिता परियार

सहजकर्ता कर्मचारी :-
२२, कार्यक्रम अधिकृत :- श्री मैयेन्द्र पोखरेल
२३, स.प्रशासकीय अधिकृत :- श्री गोविन्द बहादुर राउत

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०६/११ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८०/०६/११ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. ग्रामीण सडक मर्मत सुधार सम्बन्धमा ।
३. रिक्त प्रमुख प्रशासकीय अधिकृत र खाता सञ्चालनको सम्बन्धमा ।
४. गत आ.व. मा सम्पन्न भएका आयोजनाको भुक्तानी सम्बन्धमा ।
- पुरानोकोट गढी शान्ति स्तुपा सहितको भ्यू टावर

५. राजश्व शाखासंग सम्बन्धित विषयहरुको सम्बन्धमा ।
- ड्याम साइडको बालुवा ठेक्का
- जग्गा जमिनको मूल्यांकनको लागि समिति गठन
- सिटी म्यापमा लोकेट गर्ने स्थलको विवरण

६. आन्तरिक आयतर्फ शिक्षा क्षेत्रको विद्यालय अनुदान बजेट सम्बन्धमा ।
७. जेष्ठ नागरिक लक्षित कार्यक्रमको सम्बन्धमा ।
८. उमेरहदका कारण अवकाश पाएका करार सेवाका कार्यालय सहयोगीहरुको सम्बन्धमा ।
९. योजना संशोधन/ब्रेक डाउन सम्बन्धमा । (नगरस्तरीय, वडा नं ५,११,२,६)
१०. प्रदेश कार्यालयहरुको कार्यक्रम तथा बजेट सम्बन्धमा ।
११. घ वर्गको इजाजत पत्र नविकरण सम्बन्धमा ।
१२. विविध
- प्रोत्साहन भत्ताको सट्टा पारिश्रमिक शब्द उल्लेख गर्ने सम्बन्धमा ।
- चाडबाड लक्षित सहयोग सम्बन्धमा ।
    - कारागारमा रहेका बन्दीहरुलाई
    - चेपाङ समुदायका घरपरिवारहरुलाई
- बजार अनुगमन सम्बन्धमा ।
- शुभकामना आदन प्रदान कार्यक्रम सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/०५/२४ गतेको नगरकार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : ग्रामीण सडक मर्मत सुधार सम्बन्धमा ।**

बर्षाको समयमा बिग्रे भत्केका सडकहरुको मर्मत सम्भार गरी चाडबाडको सयममा यातायात सुचारु गर्ने कार्यको लागि सडक मर्मत सम्भार कोष (ग्रामीण सडक मर्मतको लागि) शिर्षकमा विनियोजित बजेट रु.

मान सिंह अर्याल
प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३



५० लाखमध्येबाट वडा नं ७ र ८ को बजार क्षेत्र बाहेकका ग्रामीण सडक मर्मत सुधारको लागि वडाहरुले सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी काममा प्रयोग गर्ने जेसिवी/एक्साभेटर बारे नगरपालिकाबाट सहमति लिएर महत्वपूर्ण सडकहरुको मर्मत सुधार गर्ने साथै भएको कामको प्राविधिक मुल्यांकन तथा मेसिनको कार्यघण्टाको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ३ : रिक्त प्रमुख प्रशासकीय अधिकृत र खाता सञ्चालनको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत श्री इमनाथ कँडेल २०८० भदौ २९ गते सरुवा भई जानु भएको र तहाँ उप्रान्त खटाइएका प्रमुख प्रशासकीय अधिकृत श्री गोकर्ण राज सुयेल नगरपालिकामा हाजिर हुनु अगावै गृह मन्त्रालय वा अन्तर्गतमा पदस्थापन भएको जानकारी प्राप्त भएको र हालसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृत खटाइएको अवस्था नरहेको हुँदा चाडबाडको मुखमा तलब भत्ता खुवाउन समेत नसकिएको अवस्थामा तत्काल प्रमुख प्रशासकीय अधिकृत खटाउने व्यवस्था हुन र खटिई नआएसम्मको लागि नगरपालिकाका दोश्रो वरियताका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री किसानराज चिलुवाललाई (अधिकृत दशौं/शिक्षा) आर्थिक कारोबारको अधिकार प्रत्यायोजन हुने व्यवस्थाको लागि सङ्घीय मामिला तथा सामान्य) प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ : गत आं.व. मा सम्पन्न भएका आयोजनाको भुक्तानी सम्बन्धमा ।**

गत आ.व. २०७९/८० मा ठेक्कापट्टा मार्फत सम्मन्न भई भुक्तानी दिन बाँकी रहेका देहायको आयोजनाको लागि चालु आ.व. २०८०/०८१ मा बजेट विनियोजन गरिएको तर तोकिएको शिर्षकमा बजेट निकासा भई नसकेको सन्दर्भमा सम्बन्धित निर्माण व्यवसायीले लामो समय पर्खंदा परेको मर्कालाई समेत विचार गरी देहायको शिर्षकबाट भुक्तानी दिई शोधभर्ना मिलाउने निर्णय गरियो ।

**देहाय**

(क) पुरानोकोट गढी शान्तिस्तुपा सहितको भ्यू टावरको लागि रु. ५० लाख स्थानीय राजश्वतर्फ विनियोजित भएकोमा हाललाई आन्तरिक आयको लागत साझेदारीमा सडक कालोपत्रे शिर्षकमा विनियोजित रकम रु. ५० लाख मध्येबाट भुक्तानी दिने ।

**निर्णय नं ५ : राजश्व शाखासंग सम्बन्धित विषयहरुको सम्बन्धमा ।**

**(क) ड्याम साईडको बालुवाको ठेक्का सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १,२ र ११ स्थित नेपाल विद्दुत प्राधिकरणको जलाशयमा पर्ने स्थानहरुमा रहेका घाटहरुमा मर्स्याङ्दी नदिको पानीको वहाव कम भएको समयमा आईई प्रतिवेदनले तोकेको क्षेत्रभित्र पर्ने गरी नदिजन्य पदार्थ (बालुवा तथा बालुवा मिसिएको ग्राभेल) उत्खनन्, संकलनको लागि आइईई प्रतिवेदनले तोकेको परिमाण र तोकिए वमोजिमको दररेट अनुसार लाग्ने राजश्व जम्मा गरी संकलनको लागि अनुमति दिने प्रकृयामा सहभागी हुन इच्छुक संस्था वा कम्पनीलाई सहभागी हुनको लागि १५ दिनको म्याद राखी सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०६/११ गतेको बैठक

**(ख) जग्गा जमिनको मूल्यांकनको लागि समिति गठन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका वडाहरुमा रहेका विभिन्न प्रयोजनका जग्गा जमिनहरुको चालु आ.व. मा आवधिक सम्पति मुल्यांकन गर्ने कार्यको लागि देहाय वमोजिमको वडास्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

(क) सम्बन्धित वडाध्यक्ष- संयोजक

(ख) वडा सदस्यहरुमध्येबाट १ जना- सदस्य

(ग) नगरपालिकाको राजश्व शाखा प्रमुख – सदस्य

(घ) वडाको प्राविधिक – सदस्य

(ङ) सम्बन्धित वडाको सचिव- सदस्य सचिव

**(ग)सिटी म्यापमा लोकेट गर्ने स्थलको विवरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको मुख्ख मुख्य केन्द्रहरुमा सिटी म्याप राखिने भएको हुँदा वडाहरुले सिटी म्यापमा लोकेट गर्नुपर्ने महत्वपूर्ण स्थल तथा संस्थागत सम्बन्धी विवरण नगरपालिकामा यथाशिघ्र पठाउने निर्णय गरियो ।

**निर्णय नं ६ : आन्तरिक आयतर्फ शिक्षा क्षेत्रको विद्यालय अनुदान बजेट सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ मा शिक्षातर्फ आन्तरिक आय शिर्षकमा बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता, विद्यालय सहायक र विद्यालय सहयोगी कर्मचारीहरुका लागि थप तलब भत्ता अनुदानको लागि विनियोजित बजेट रु. १ करोड २ लाख ८३ हजार देहाय अनुसार गर्ने निर्णय गरियो ।

देहाय

(क) बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको लागि गत आ.व. २०७९/०८० मा उपलब्ध गराए वमोजिमकै दरमा थप पारश्रिमक उपलब्ध गराउने ।

(ख) विद्यालय सहायकहरुको लागि गत आ.व.मा मासिक रु. ३५००।- का दरले थप पारिश्रमिक उपलब्ध गराएकोमा चालु आ.व. २०८०/८१ मा मासिक रु. ५०००।- का दरले उपलब्ध गराउने ।

(ग) विद्यालय सहयोगीहरुको लागि गत आ.व. २०७९/०८० मा उपलब्ध गराए वमोजिमकै दरमा पारश्रिमक उपलब्ध गराउने ।

**निर्णय नं ७ : जेष्ठ नागरिक लक्षित कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व. २०८०।८१ को जेष्ठ नागरिक लक्षित कार्यक्रमहरु देहाय वमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

१.

(क)जेष्ठ नागरिक हेरचाहकर्ता प्रोत्साहन सम्मान कार्यक्रम अन्तर्गत कुल ५० जना हेरचाहकर्ताहरुलाई नगद रु. ५ हजार र प्रमाणपत्रले सम्मान गर्ने ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०६/११ गतेको बैठक

(ख) नगरपालिकामा रहेका ८० वर्ष माथिका जेष्ठ नागरिकहरुको जम्मा संख्या र वडाको संख्याको अनुपातमा वडाको सम्मानित हेरचाहकर्ताको संख्या निर्धारण गर्ने ।

(ग) छनौटका मापदण्डहरु : विपन्न तथा अति विपन्न घर परिवार, खानपान, सरसफाइ र मायाममताको अवस्था, निरन्तर सेवाको अवधी, जेष्ठ नागरिकको स्वास्थ्य र शारीरिक अवस्था ।

२. जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई वडाको कार्यक्रम संग समेत तालमेल मिलाइ तर्जुमा गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी दिने ।

३. वडा तहमा जेष्ठ नागरिक मञ्च गठन प्रकृया अघि बढाउने र वडाको सम्मन्न भए पछि नगरपालिकास्तरीय जेष्ठ नागरिक मञ्च गठन गर्ने ।

**निर्णय नं ८ : उमेरहदका कारण अवकाश पाएका करार सेवाका कार्यालय सहयोगीहरुको सम्बन्धमा ।**

उमेर हदका कारण अवकाश भएका तथा हुने नगरपालिका र वडा कार्यालयका कार्यालय सहयोगीहरुलाई विद्यालयका कार्यालय सहयोगीहरु सरह उपदानको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ९ : योजना संशोधन/ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका नगरस्तरीय/वडास्तरीय योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.कोइबो ता सातबिसे, बेनपा ७ (नगरस्तरीय) | ४००००० | १. क्होइवो धी मन्दिर निर्माण, बेनपा ७ | ४००००० |
| २.विपद् व्यवस्थापन/राहत उद्धार, प्रतिकार्य लगायत, बेनपा ५ | २००००० | २.१ सडक हेरालुलाई पारिश्रमिक, बेनपा ५ | ९०००० |
| ३. विविध कार्यक्रम खर्च, बेनपा ५ | ३९२००० | ३.१ महिला सञ्जाल नाल्मा कार्यक्रम सञ्चालन, बेनपा ५<br>३.२न्यूज ९९ एपी प्रा.लि. सहयोग, बेनपा ५<br>३.३ मनिता गुरुङ बचाउ अभियान बे.न.पा.१ उपचार सहयोग<br>३.४ कृषि सडक सरसफाई, बेनपा ५ | २००००<br>५०००<br>५०००<br>२४००० |
| ४.विविध कार्यक्रम, बेनपा ११ | ५००००० | ४.१ तिनपिप्ले-रियाले बाटो मर्मत, बेनपा ११ | २५००० |
| ५.विद्यालय डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन, पूर्वाधार सुधार तथा शिक्षक क्षमता अभिबृद्धि कार्यक्रम, बेनपा २ | ६००००० | ५.१विद्यालय डिजिटल प्रशासन व्यवस्थापन,बेनपा २<br>५.२ विद्यालय डिजिटल सिकाई सामाग्री खरिद (ल्यापटप/प्रोजेक्टर) बेनपा २<br>५.३डिजिटल तथा पाठ्यक्रम केन्द्रित शिक्षक तालिम, बेनपा २<br>५.४ विद्यालय पुर्वाधार सुधार (भवन मर्मत,क्यान्टिन सामाग्री र शौचालय) बेनपा २<br>५.५ वडास्तरीय शिक्षा समिति बैठक तथा | २५०००<br>२५०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०६/११ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | क्षमता अभिबृद्धि, बेनपा २ | |
| ६. दलित लक्षित तथा आर्थिक सशक्तिकरण र अन्य फुटकर कार्यक्रम, बेनपा २ | ५००००० | ६.१दलित लक्षित कार्यक्रम, बेनपा २ | |
| | | ६.१.१ ५० प्रतिशत अनुदानमा कुखुरा वितरण, बेनपा २ | ८०००० |
| | | ६.१.२ ५० प्रतिशत अनुदानमा माउ बाख्रा वितरण, बेनपा २ | १००००० |
| | | ६.१.३ ५० प्रतिशत अनुदानमा कुखुरा वितरण, बेनपा २ | ४०००० |
| | | ६.१.४ दलित महिलाहरुलाई ब्याग वितरण तालिम, बेनपा २ | १००००० |
| | | ६.२ वडा सडक टोल बत्ति महशुल, बेनपा २ | १८०००० |
| ७.वडा खेलकुँद कार्यक्रम, बेनपा ६ | १००००० | ७.१मकैडाँडा युवा क्लव खेलकुँद कार्यक्रम, बेनपा ६ | ३०००० |
| | | ७.२ वडा खेलकुँद कार्यक्रम, बेनपा ६ | ७०००० |
| ८. वडा फुटकर आयोजना, बेनपा ६ | ५७००० | ८. वडा फुटकर कार्यक्रम, बेनपा ६ | ५७००० |

**निर्णय नं १०: प्रदेश कार्यालयहरुको कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

जिल्लास्थित प्रदेश अन्तर्गतका देहायका कार्यालयहरुले चालु आ.व. २०८०/०८१ यस बेसीशहर नगरपालिकामा सञ्चालन गर्ने कार्यक्रम लिखित रुपमा जानकारी गराएको/प्रस्तुतीकरण गरेको हुँदा उक्त कार्यक्रमहरुको बारेमा जानकारी प्राप्त भयो ।

**देहाय**

(क) पर्यटन तथा उद्योग कार्यालय लमजुङ

(ख) जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय लमजुङ

(ग) सामाजिक विकास कार्यालय लमजुङ

(घ) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, लमजुङ

(ङ) कृषि ज्ञान केन्द्र लमजुङ

(च) भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र लमजुङ ।

**निर्णय नं ११: घ वर्गको इजाजत पत्र नविकरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको "घ " वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ मा मिति २०८०/०५/१० को कार्यपालिका बैठकले सो कार्यविधिको दफा ३ को उपदफा (३) मा नविकरण गर्ने अवधी एक बर्ष राख्ने गरी गरेको संशोधनलाई पुन संशोधन गरी नविकरण गर्ने अवधी ३ बर्ष राख्ने साथै देहाय वमोजिमको नविकरण र जरिवाना दस्तुर तोक्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०६/११ गतेको बैठक

देहाय

| विवरण | नविकरण दस्तुर रु. | जरिवाना रु. |
|---|---|---|
| ३ महिनासम्म | ५००० | ० |
| ६ महिनासम्म | ५००० | २,५०० |
| १ बर्षसम्म | ५००० | ५,००० |
| २ बर्षसम्म | ५००० | १०,००० |
| ३ बर्षसम्म | ५००० | २०,००० |

**निर्णय नं १२ : विविध/ प्रोत्साहन भत्ताको सट्टा पारिश्रमिक शब्द उल्लेख गर्ने सम्बन्धमा ।**

नगर कार्यपालिकाको मिति २०७९/०५/१३ को बैठकको निर्णय नं १८ (ख) मा वडा कार्यालयमा कार्यरत गरीबसंग विश्वेश्वर कार्यक्रमतर्फका कर्मचारीहरुको मासिक रु १० हजार "प्रोत्साहन भत्ताको" सट्टा मासिक रु. १० हजार "थप पारश्रमिक" भन्ने शब्द उल्लेख गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ : विविध/ चाडबाड लक्षित सहयोग सम्बन्धमा ।**

(क) जिल्ला कारागार कार्यालय लमजुङमा रहेका बन्दीहरुलाई दशैं लगायतका चाडपर्व मान्नको लागि चालु तर्फको अन्य संस्था सहायता शिर्षकबाट रु. ४० हजार उपलब्ध गराउने निर्णय गरियो ।

(ख) बेनपा ११ मा रहेका चेपाङ समुदायको १२ घरपरिवारहरुलाई दशैं लगायतका चाडपर्व मान्नको लागि प्रति परिवार अधिकतम् रु. ५ हजार बराबरको खाद्यान्न सामान सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १४ : विविध/ बजार अनुगमन सम्बन्धमा ।**

गुणस्तरीय बस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्न गरिने बजार अनुगमनलाई चाडबाडको समयमा अझ बढी प्रभावकारी बनाउने सन्दर्भमा नगरपालिकाबाट आवश्यक कार्य गर्ने तथा अन्य निकायबाट हुने अनुगमनमा समेत आवश्यक सहयोग पुर्याउने निर्णय गरियो ।

**निर्णय नं १५ : विविध/ शुभकामना आदन प्रदान सम्बन्धमा ।**

दशैं लगायतका चाडपर्वहरु नजिकिंदै आएको हुँदा जनप्रतिनिधि र कर्मचारीहरुको विचको सम्बन्ध र अन्तरघुलनलाई अझ बढी प्रगाढ बनाउने र शुभकामना आदन प्रदान गर्ने उद्देश्यले उपयुक्त दिनमा शुभकामना आदन प्रदान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख